# दशरथचन्द नगरपालिका

# स्थानीय राजपत्र

## दशरथचन्द नगरपालिका द्धारा प्रकाशित सुचना

बैतडी जिल्ला सुदूरपश्चिम प्रदेश , नेपाल

भाग -२ बर्ष : ९ अंक: १६ २०८२ चैत्र २० शुक्रबार


नगर कार्यपालिकाको मिति २०८२/१२/१९ बैठकबाट स्वीकृत भएको दशरथचन्द नगरपालिकाको विद्युतीय चुलो उपयोग तथा वितरण कार्यविधि, २०८२ स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ

प्रस्तावना:

विद्युतीय चुलोको प्रयोग मार्फत राष्ट्रिय आएको वृद्धिमा टेवा पुर्‍याउदै बढ्दो घरायसी प्रयोजनका लागि आयात गरिने LPG ग्यासलाई निरुत्साहित गर्दै स्वदेशमा नै उत्पादित विद्युतको प्रयोग मार्फत राष्ट्रिय आएमा वृद्धि द्वारा आत्मनिर्भरता तर्फ लाग्ने उदेश्यलाई आत्मसाथ गर्दै नगरपालिका बासीहरूको स्वास्थ्य स्थितिमा सुधार ल्याउन, महिलाहरूको घरायसी कार्यबोझ कम गरी आर्थिकोपार्जन क्रियाकलापहरू मा प्रेरित गर्न, इन्धनको लागि जंगलमा रहेको निर्भरता कम गरी हरियो बन दशरथचन्दको धन भन्ने नारालाई सार्थकता दिन दशरथचन्द नगरकार्यपालिकाले यो विद्युतीय चुलो उपयोग तथा वितरण सम्बन्धी कार्यविधि २०८२ तर्जुमा गरी नगरकार्यपालिकाबाट स्वीकृत गरी लागु गरिएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "विद्युतीय चुलो वितरण तथा उपयोग कार्यविधि २०८२" रहेको छ।

(२) यो कार्यविधि दशरथचन्द नगरपालिका कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क) "बिद्युतिय चुलो" भन्नाले दशरथचन्द नगरपालिकाले उपभोक्ता, लागत साझेदारी गर्न इच्छुक सस्था को सहभागिता उपलब्ध गराउने इन्डक्सन चुलो सेट लाई सम्झनु पर्छ ।

ख) "प्रमुख " भन्नाले दशरथचन्द नगरपालिका नगर प्रमुख लाई सम्झनुपर्छ ।

ग) " उप-प्रमुख " भन्नाले दशरथचन्द नगरपालिका नगर उप-प्रमुख लाई सम्झनुपर्छ ।

घ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनुपर्छ ।

ङ) “कार्यपालिका" भन्नाले दशरथचन्द नगरपालिका को नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

च) “प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दशरथचन्द नगरपालिका को प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

छ) "लाभग्राही" भन्नाले दशरथचन्द नगरपालिका / वडा समितिले छनौट गरेका लाभग्राही सम्झनुपर्दछ ।

ज) "वडा अध्यक्ष" भन्नाले दशरथचन्द नगरपालिका अन्तरर्गतका वडा अध्यक्ष सम्झनुपर्छ ।

झ) "वडा समिति" भन्नाले दशरथचन्द नगरपालिका अन्तरर्गतका वडा समितिलाई सम्झनुपर्छ ।

## परिच्छेद-२
## लाभग्राही परिवार छनौट प्रक्रिया

**३. लाभग्राही घरपरिवार छनौट प्रक्रियाः**

१. विद्युतीय चुलो सेट , प्राप्त गर्न इच्छुक र मापदण्ड पुगेका लाभग्राहीबाट अनुसूची १ को ढाँचामा आफू रहेको वडामा निवेदन दिन सक्ने गरी नगरपालिका बाट कम्तीमा ७ (सात) दिनको सार्वजनिक सूचना आफ्नो webside www.dasharathchandmun.gov.np बाट प्रकाशन गरिनेछ ।

२. उपदफा (१) बमोजिम वडा मा पेस भएका लाभग्राहीहरू लाई वडा समितिले (आवश्यक परेमा छनौटका सूचकहरू समेत निर्धारण गरी) लाभग्राहीहरूको अन्तिम नामावली छनौट गर्नु पर्नेछ।

३. लाभग्राही छनौट गर्दा वृद्ध, एकल महिला, विधवा महिला, आर्थिक रूपले विपन्न परिवार, दलित, असहाय महिला, अपाङ्गता भएका घर परिवारलाई विशेष प्राथमिकता दिइनेछ ।

४. उपदफा (१) बमोजिम निवेदन दिँदा निम्न कागजातहरू संलग्न गर्नु पर्नेछ ।

क) नेपाली नागरिकताको प्रमाणपत्र।

ख) आफू पर्ने वर्ग खुल्ने कागज ।

५. प्रतेक वडा लाई उपलब्ध गराइने कोटा सख्या (इन्डक्सन चुलो सेट) जनसंख्या र भूगोलको आधारमा नगर कार्यपालिका बैठक को निर्णय बमोजिम हुनेछ.

६. उपदफा (१) बमोजिम पर्न आएका आवेदनहरूको विवरण र निवेदन साथ कागजातहरू वडा कार्यालयले वडालाई तोकिएको लाभाग्रही सख्या बमोजिम सिफारिस गरि पठाउनु पर्नेछ ।

**४. लाभग्राही घरपरिवारको छनौटको आधारहरुः**

क) दशरथचन्द नगरपालिका भित्र स्थायी रूपले बसोबास भएको हुनु पर्ने।

ख) नेपाली नागरिक भएको हुनुपर्ने ।

ग) यस भन्दा अगाडि गाउँपालिकाबाट यस प्रकारको सुविधा प्राप्त नगरेको हुनुपर्ने ।

घ) वृद्ध, एकल महिला, विधवा महिला, आर्थिक रूपले विपन्न परिवार, दलित, असहाय महिला, अपाङ्गता भएका घर परिवारलाई विशेष प्राथमिकता दिइने ।

ङ) दशरथचन्द नगरपालिकालाई बुझाउनु पर्ने राजस्व, पेस्की र बेरुजु बुझाउन बाँकी नरहेको हुनुपर्ने।

**५. इन्डक्सन चुलो वितरण व्यवस्थाः**

१) वडा कार्यालयको सिफारिस बमोजिम दशरथचन्द नगरपालिका बाट छनौट भएका लाभग्राही घरपरिवारलाई बिक्रेताले तोकेको दररेटमा साझेदार सस्था ले उपलब्ध गराउने बराबर को अनुदान दशरथचन्द नगरपालिका समेत उपलब्ध गराई उपभोक्ता समेतको साझेदारी गरी वितरण गरिनेछ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाले निःशुल्क समेत यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

३) एक घरमा एकभन्दा बढीलाई विधुतिय चुलो वितरण गरिने छैन।

४) तोकिएको समय भित्र वडाहरु लाई निर्धारण गरिएको कोटा इन्डक्सन चुलो सेट सम्बन्धित वडाका लाभग्राहीले नलागेमा अन्य वडा नगरपालिकाको स्थायी बासिन्दा भएको जुनसुकै वडाका लाभग्राहीहरुलाई उपलब्ध गराउन बाधा पर्ने छैन.

**६. खरिद तथा भुक्तानी सम्बन्धी व्यवस्था**

१. लाभग्राही घरपरिवारलाई वितरण गरिने विद्युतीय चुलो, सम्बन्धी व्यवस्था सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम हुनेछ ।

२. उपदफा (१) बमोजिम खरिद गरिएका विद्युतीय चुलो प्राप्त गर्न छनोट भएका लाभग्राही संग साझेदारी बराबर रकम लिए पछि विद्युतीय चुलो वितरण गरिने छ।

३. विद्युतीय चुलो खरिद तथा बितरण कालागि लागत साझेदारी गर्ने गैर सरकारी सस्थामा सुचीकृत भएका सेवा प्रदायक सप्लायर्सहरुलाई पहिलो प्राथमिकता दिइनेछ.

४.लाभग्राही प्राप्त गरेका कागज पत्र बिल भरपाई प्राप्त भए पश्चात भुक्तानी गरिनेछ।

५. भुक्तानीका खरिद आदेश प्राप्त सप्लायर्सले लाभग्राहीको निदेदन ,वडाको सिफारिस , लाभग्राहीले सामान बुझेको भरपाई , बिल संलग्न राखी निवेदन पेश गर्नुछ।

**७. अनुगमन सम्बन्धी व्यवस्था**

विधुत्तिय चुलो, वितरण सम्बन्धमा दशरथचन्द नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि२०८२ बमोजिम वडास्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमन गर्नेछ।

**८. दण्ड जरिबाना सम्बन्धी व्यवस्था**

यदि कसैले झुटा विवरण पेस गरी यस कार्यविधि बमोजिम सेवा सुविधा लिएको प्रमाणित भएका वितरण गरिएको सामान फिर्ता गर्न लगाई गरी कानुन बमोजिम कारबाही गरिने छ ।

**९. बाधा अड्काउ फुकाउने**

१. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ।

**१०. परिमार्जन, संशोधन तथा खारेजी तथा बचाउ**

१. यस कार्यविधिलाई आवश्यकता अनुसार नगरकार्यपालिकाले परिमार्जन, संशोधन तथा खारेजी गर्न सक्नेछ ।

२. संघिय सरकार र प्रदेश सरकारबाट जारी भएको कानुन सँग यो कार्यविधि बाझिएमा बाझिएको हदमा संघिय सरकार र प्रदेश सरकारले बनाएको कानून बमोजिम हुनेछ ।

अनुसुची - १

दफा (३) को उपदफा (१) सँग सम्बन्धित

मिति

श्रीमान् वडा अध्यक्षज्यू,
....... वडाको कार्यालय
**दशरथचन्द नगरपालिका बैतडी**

विषयः विद्युतीय चुलो, सेट उपलब्ध गराई पाउ

प्रस्तुत विषयमा दशरथचन्द नगरपालिका , कार्यालयको मिति ...................... को विद्युतीय चुलो सेट , वितरण गर्न प्रकाशित सूचना बमोजिम म लागत साझेदारीमा विद्युतीय चुलो सेट लिन इच्छुक भएकाले तपसिलको मेरो पारिवारिक विवरण सहित आवश्यक कागजात यसै निवेदन साथ संलग्न गरी पेस गरेको छु ।

घरमुलीको नाम धरः
बाबु/आमा/श्रीमान/श्रीमतीको नाम थरः
परिवारको सदस्य संख्याः
सम्पर्क नः
महिलाः
पुरुषः

यस आ. व. भन्दा अघि दशरथचन्द नगरपालिका द्धारा वितरण भएको यस प्रकृतिका सामाग्रीहरू/उपकरण मेरो परिवारको सदस्यले लिएका छैनौ । नगरकार्यपालिकाले तोकेका शर्तहरू मान्य तयार छु । प्राप्त सामाग्रीहरू अरू कसैलाई बेचबिखन समेत गर्ने छैन । उल्लिखित सबै व्यहोरा सत्य साँचो हो झुष्ठा ठहरे प्रचलित कानुन बमोजिम सजाय भोग्न तयार छु ।

<u>वडाको सिफारिस</u>

निवेदकको
हस्ताक्षरः
नाम थरः
ठेगानाः

| दायाँ | बायाँ |
|---|---|
| | |

आज्ञाले
केशव राज सुबेदी
प्रमुख प्रशासकीय अधिकृत